संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६६ कात्तिक १७**

---

उच्चायुक्तको कार्यालय-नेपालद्वारा मानवअधिकारको सम्मान गर्न
एनेकपा (माओवादी) र सरकारलाई आह्वान

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)द्वारा आयोजित राष्ट्रव्यापी विरोध प्रदर्शनका सन्दर्भमा सबै व्यक्तिहरूको मानवअधिकार संरक्षित र सम्मानित हुने कुरा सुनिश्चित गर्न प्रभावकारी उपाय गर्न उच्चायुक्तको कार्यालय-नेपाल सरकार, एनेकपा (माओवादी) र अन्य राजनीतिक दलका कार्यकर्ताहरूलाई जोडदार आग्रह गर्दछ।

उच्चायुक्तको कार्यालय-नेपाल एनेकपा (माओवादी)को नेतृत्वलाई आफ्ना कार्यकर्ताहरूले विरोध प्रदर्शनका क्रममा अरूको अधिकारहरूको सम्मान गर्ने, कुनै पनि प्रकारको हिंसामा नलाग्ने तथा कानुनी शासनको उच्चतम पालना गर्ने कुरा सुनिश्चित गर्न आह्वान गर्छ। आपत्कालीन सेवा, मानवीय कार्यकर्ताहरू तथा मानवअधिकार अनुगमनकर्ताहरूले सधैं खुला बाटो पाउने कुरा सुनिश्चित गरिनुपर्छ।

यो कार्यालय सरकारलाई पनि अन्तर्राष्ट्रिय दायित्व पालना गर्न तथा सुरक्षाफौजले संयम अपनाई अभिव्यक्तिको स्वतन्त्रता र शान्तिपूर्ण रूपमा भेला हुन पाउने स्वतन्त्रताको अधिकारलाई सम्मान गर्ने कुरा सुनिश्चित गर्न आह्वान गर्छ।

> "म नेपाल सरकार, माओवादी नेतृत्व तथा अरू सबै राजनीतिक पात्रहरूलाई राष्ट्रव्यापी आन्दोलनका सन्दर्भमा संयम अपनाउन आग्रह गर्दछु। विरोध प्रदर्शनका आयोजकहरूले प्रदर्शनकारीहरूले शान्तिपूर्ण रूपमा तथा कानुनभित्र रहेर कार्य गर्ने कुरालाई सुनिश्चित गर्नुपर्छ," उच्चायुक्तको कार्यालय-नेपालकी उपउच्चायुक्त ज्योति साङ्घेराले भन्नुभयो।

**For further information contact Chun Gurung, tel: 4280164, ext 320;**
**98510 16937 (mobile), cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**